# पर्सा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

पर्सा, सर्लाही

**मधेश प्रदेश, नेपाल**

## पोखरी ठेक्का वन्दोवस्त सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२/०५/१४)

**आ.व. २०८२/०८३**

यस गाउँपालिका क्षेत्रअधिकार भित्र रहेका देहाय बमोजिमको सार्वजनिक ऐलानि पोखरीहरु जे जो अवस्थामा छन् सोहि अवस्थामा नै आ.ब. २०८२/०८३ देखि २०८७/०८८ सम्म ५ वर्षको लागि माछा उत्पादन गर्ने प्रयोजनको लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति/ फर्महरूबाट निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दि बोल पत्र दिन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ |

**१.** यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले तपिसल अनुसार कार्यालय समय भित्र यस कार्यालयको राजस्व शाखाबाट बोलपत्र देहाय अनुसार (पछि फिर्ता नहुने गरि) रकम भुक्तानी गरि बोलपत्र खरिद गर्न सकिने छ |

**२.** खरीद गरिएको बोलपत्र को आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रस्टसंग उल्लेख गरि सूचना प्रथम पटक प्रकाशित भएको मितिले देहाय अनुसार सि.नं. १ र २ को हकमा ३० औ दिन सम्ममा बोलपत्र खरिद गरी ३१ औ दिनको १२ बजेसम्ममा र सि.नं. ३ को हकमा १५ औ दिन सम्ममा दरभाउपत्र खरीद गरी १६ औ दिनको १२ बजे सम्म बोल पत्र पेश गर्नेको नाम र ठेगाना तथा आफुले ठेक्का लिन चाहेको पोखरीको विवरण खाममा नै उल्लेख गरि दर्ता गराइ सक्नु पर्नेछ र दर्ता गराउँदा शिलबन्दी निबेदन संग कार्यालयको ने.बै.लि. बैंक पर्सामा रहेको धरौटी खाता न. २६३०३००००००३००००००००१ मा आफुले कबोल गरेको रकमका ५% प्रतिशतले हुने रकम जम्मा गरेको सक्लै भौचर अनिवार्य रुपमा पेश गर्नुपर्नेछ

**३.** दर्ता भएका पत्रहरु क्र.नं. २ मा उल्लेखित भएको दिनको २ बजे सम्बन्धित कार्यालय तथा बोल पत्र दाता वा निजको प्रतिनिधिहरुको उपस्थितिमा खोलिनेछ तर प्रतिनिधि उपस्थिति नभए पनि खोल्न बाधा पर्ने छैन |

**४.** बोल पत्र खरिद गर्न/ दर्ता गर्न वा खोलिने दिन सार्वजनिक बिदा पर्न गएमा सो कार्यहरु बिदाको भोलि पल्ट कार्यालय खुल्ने दिन सोहि समयमा हुनेछ |

**५.** गाउँपलिकालाइ बुझाउने पर्ने बाकि वक्यौता रकम नबुझाएको तथा गाउँपालिकाको पेश्की बाँकि रकम वा नगद जिन्सी बुझाउन बाँकि रहेको व्यक्तिले ठेक्का लिन पाउने छैन कुनै कारण वश त्यस्ता व्यक्तिको ठेक्का स्वीकृत भए पनि पछी उल्लेखित विवरण जानकारी हुन् आए ठेक्का वदर गरि धरौटी लगायात बुझाएको रकम समेत जफत गरिनेछ |

**६.** ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ |

**७.** ठेक्का स्वीकृत भए पश्चात रकम बुझाउदा सम्बन्धित व्यक्तिले ५ किस्तामा वा एकमुस्ट रकम बुझाउन सकिनेछ | रकम एकमुस्ट बुझाएमा १० प्रतिशत छुट दिइनेछ | किस्ता रकम बुझाउदा प्रथम किस्ता चलन पुर्जी लिनु अगाबै र बाकि दोश्रो, तेश्रो, चौथो र पाँचौ किस्ता क्रमश आ.ब. २०८३ /०८४, २०८४/०८५, २०८५/०८६ र २०८६/०८७ को प्रथम चौमासिक भित्रै बुझाउनुपर्ने छ| उक्त समय भित्र नबुझाए ठेक्का वदर गरि पोखरीमा रहेको माछा धरौटी जफत गरि कार्यालयले पुन अर्को ठेक्का वन्दोबस्त गर्नेछ |

**८.** रित नपुगेको तथा म्याद नाघी आएको बोलपत्र उपर कुनै कार्यवाही हुने छैन |

**९.** पोखरीको संरचना आफुखुशी बिगारेमा वा पोखरीमा बिषालु औषधि प्रयोग गरेको पाइएमा सो को क्षतिपूर्ति ठेक्का लिने व्यक्तिबाट असुल उपर गरि कानुनिं कारवाही गरिनेछ |

**१०.** उपरोक्त लेखीए बाहेक अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ |

**देहाय पोखरीको विवरण**

| सि. नं. | ठेक्का नं. | पोखरीको नाम | ठेगाना | दरभाउ पत्र खरीद गर्ने मिति | दरभाउपत्र र बोलपत्र दर्ता/खुल्ने मिति र समय | बोलपत्र दस्तुर | न्युनतम रकम |
|---|---|---|---|---|---|---|---|
| १. | PRM/01/2082/083 | नरकटिया र चौरुधोइ पोखरी | पर्सा गा.पा. २ संग्रामपुर, सर्लाही | २०८२/०६/१२ गते सम्म | २०८२/०६/१३ गते दिउँसो दर्ता १२:०० सम्म र खोल्ने २:०० बजेपछी | 3000.00 | 3174759.00 |
| २. | PRM/02/2082/083 | पनपिही, मोगलैहिया र बैरिया पोखरी | पर्सा गा.पा. ५ र ६ सर्लाही | २०८२/०६/१२ गते सम्म | २०८२/०६/१३ गते दिउँसो दर्ता १२:०० सम्म र खोल्ने २:०० बजेपछी | 3000.00 | 5906007.90 |
| ३. | PRM/03/2082/083 | अन्डहिया र लबका पोखरी | पर्सा गा.पा.४, कविलासी सर्लाही | २०८२/०५/२९ गते सम्म | २०८२/०५/३० गते दिउँसो दर्ता १२:०० सम्म र खोल्ने २:०० बजेपछी | 1000.00 | 1410000.00 |